# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, चैत २ गते २०३८ साल

श्री ५ को सरकार

### कानून तथा न्याय मन्त्रालयको

### सूचना

विशेष अदालत ऐन, २०३१ को दफा ३ र दफा ५ को उपदफा (१), (२) र (३) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायबमोजिम अध्यक्ष तथा सदस्यहरू भएको तीन सदस्यीय कैलाली जिल्ला वनक्षेत्र सुदृढीकरण सम्बन्धी विशेष अदालत गठन गरी यो आदेश जारी गरेको छ।

१. भू.पू. न्यायाधीश, श्री ब्रह्मदत्त तिवारी– अध्यक्ष
२. कन्जरभेटर, सेती महाकाली सर्कल कार्यालय– सदस्य
३. प्रमुख जिल्ला अधिकारी, जिल्ला कार्यालय, कैलाली– सदस्य

(१) उक्त विशेष अदालतलाई खण्ड ३१ अतिरिक्ताङ्क ५६ मिति २०३८।६।१७ मा नेपाल राजपत्र भाग ४ मा प्रकाशित वन तथा भू-संरक्षण मन्त्रालयको सूचना अनुसार गठित कैलाली जिल्ला वनक्षेत्र सुदृढीकरण अधिकार सम्पन्न समितिको कार्यक्षेत्रभित्र पर्ने देहायको सम्बन्धमा परेका वा पर्ने उजूरीहरू लिई कारवाई र किनारा गर्ने गरी सुम्पिएको तथा तोकिएको छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) जग्गा सम्बन्धी तेरो, मेरो, हक बेहक र नम्बरीको नाताले सरकारी जग्गा वा वनक्षेत्र ओगटी उठेका खिचोला सम्बन्धी उजूरीहरू,

(ख) वन संरक्षण (विशेष व्यवस्था) ऐन, २०२४ बमोजिमका उजूरीहरू,

(ग) सो क्षेत्रभित्र वन र सरकारी जग्गामा अतिक्रमण, बसोबास र जग्गा वितरण तथा जग्गा दर्ता सम्बन्धमा र वन ऐन, २०१८ अन्तर्गत सजाय हुने अपराध सम्बन्धी उजूरीहरू,

(घ) उक्त क्षेत्रको जग्गा नाप जाँच सम्बन्धी उजूरीहरू,

(ङ) मुआब्जा कायम, सुरक्षा पेटी हटाउने र खारेज गर्दाको अवस्थामा र सो जरिया सम्बन्धी उजूरीहरू,

(च) मालपोत ऐन, २०३४ को दफा २४ को उपदफा (४) दफा २९ र ३० अन्तर्गतका उजूरीहरू,

(२) नेपाल राजपत्र भाग ३ मिति २०३६।४।७ को राजपत्रमा प्रकाशित यस मन्त्रालयको सूचना बमोजिम वन संरक्षण (विशेष व्यवस्था) ऐन, २०२४ को दफा १० को उप-दफा (१) को अधिकार प्रयोग गरी त्यस जिल्लाको हकमा गठन गरिएको एक सदस्यीय वन संरक्षण विशेष अदालत सो विषेष अदालत कार्यरत रहुन्जेलसम्म उक्त अदालतको अधिकारक्षेत्रभित्र परेको उजूरीहरू समेत लिई कारवाई र किनारा गर्न सुम्पिएको छ ।

(३) यस विशेष अदालतको कार्यावधि २०३९ साल आषाढ मसान्तसम्म हुनेछ ।

(४) यस विशेष अदालतले आफ्नो मुकाम कैलाली जिल्लाभित्र जहाँसुकै पनि कायम गर्न सक्नेछ ।

आज्ञाले–
ध्रुववर सिंह थापा
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

# कानून तथा न्याय मन्त्रालयको

## सूचना

विशेष अदालत ऐन, २०३१ को दफा ३ र दफा ५ को उपदफा (१), (२) र (३) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायबमोजिम अध्यक्ष तथा सदस्यहरू भएको तीन सदस्यीय कन्चनपुर जिल्ला वनक्षेत्र सुदृढीकरण सम्बन्धी विशेष अदालत गठन गरी यो आदेश जारी गरेको छ।

१. भू. पू. न्यायाधीश, श्री सर्वज्ञराज पण्डितज्यू– अध्यक्ष
२. डी. एफ. ओ., वन डिभिजन कार्यालय, कन्चनपुर– सदस्य
३. प्रमुख जिल्ला अधिकारी, जिल्ला कार्यालय, कन्चनपुर– सदस्य

(१) उक्त विशेष अदालतलाई खण्ड ३१ अतिरिक्ताङ्क ५६ मिति २०३८।९।१७ मा नेपाल राजपत्र भाग ४ मा प्रकाशित वन तथा भू-संरक्षण मन्त्रालयको सूचना अनुसार गठित कन्चनपुर जिल्ला वनक्षेत्र सुदृढीकरण अधिकार सम्पन्न समितिको कार्यक्षेत्रभित्र पर्ने देहायको सम्बन्धमा परेका वा पर्ने उजूरीहरू लिई कारवाई र किनारा गर्ने गरी सुम्पिएको तथा तोकिएको छ।

(क) जग्गा सम्बन्धी तेरो, मेरो, हक बेहक र नम्बरीको नाताले सरकारी जग्गा वा वनक्षेत्र ओगटी उठेका खिचोला सम्बन्धी उजूरीहरू,

(ख) वन संरक्षण (विशेष व्यवस्था) ऐन, २०२४ बमोजिमका उजूरीहरू,

(ग) सो क्षेत्रभित्र वन र सरकारी जग्गामा अतिक्रमण, बसोबास र जग्गा वितरण तथा जग्गा दर्ता सम्बन्धमा र वन ऐन, २०१८ अन्तर्गत सजाय हुने अपराध सम्बन्धी उजूरीहरू,

(घ) उक्त क्षेत्रको जग्गा नाप जाँच सम्बन्धी उजूरीहरू,

(ङ) मुआब्जा कायम, सुरक्षापेटी हटाउने र खारेज गर्दाको अवस्थामा र सो जरिया सम्बन्धी उजूरीहरू,

(च) मालपोत ऐन, २०३४ को दफा २४ को उपदफा (४) दफा २९ र ३० अन्तर्गतका उजूरीहरू,

(२) नेपाल राजपत्र भाग ३ मिति २०३६।४।७ को राजपत्रमा प्रकाशित यस मन्त्रालयको सूचनाबमोजिम वन संरक्षण (विशेष व्यवस्था) ऐन, २०२४ को दफा १० को उप-दफा (१) को अधिकार प्रयोग गरी त्यस जिल्लाको हकमा गठन गरिएको एक सदस्यीय वन संरक्षण विशेष अदालत सो विशेष अदालत कार्यरत रहुन्जेलसम्म उक्त अदालतको अधिकारक्षेत्रभित्र परेको उजूरीहरूसमेत लिई कारवाई र किनारा गर्न सुम्पिएको छ ।

(३) यस विशेष अदालतको कार्यावधि २०३९ साल आषाढ मसान्तसम्म हुनेछ ।

(४) यस विषेष अदालतले आफ्नो मुकाम कन्चनपुर जिल्लाभित्र जहाँसुकै पनि कायम गर्न सक्नेछ ।

आज्ञाले–
ध्रुववर सिंह थापा
श्री ५ को सरकारको सचिव

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।